# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं. :-
च.नं. :- २०८१।८४

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

पहिलो पटक प्रकाशित

मितिः२०८१/१०/२०

किस्पाङ गाउँपालिका नुवाकोटको आ.व. २०८१/८२ का लागि प्राप्त संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत तपसिलका क्षेत्रमा निम्नानुसारका बालीहरुका साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संञ्चालन गर्नु पर्ने भएकाले नियमानुसार दर्ता भएका ईच्छुक कृषक समूह/ सहकारी /कृषि फर्म /कम्पनीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा यस कार्यालयमा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

आ.व. २०८१/८२ मा संञ्चालन गरिने नयाँ पकेट विवरण

| क्र.स | क्षेत्र | वाली | संख्या | क्षेत्रफल | वजेट |
|---|---|---|---|---|---|
| १ | ४ नं वडा सबै | आलु | १ | ७ हेक्टर | १२ लाख |

यस कार्यक्रम अन्तर्गत संचालन हुने कार्यक्रममा ५०% रकम साझेदारी गर्नुपर्ने छ।

*आवश्यक कागजातहरु ।*

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसुची-१० अनुसारको प्रस्तावना पत्र ।

२. सम्बन्धित निकायमा कृषि समुह/सहकारी संस्था/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

३.संस्थाको स्थायी लेखा नम्वर , कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

४.कार्यक्रम संञ्चालन हुने स्थान जग्गा /जमिन को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता

५. पकेट कार्यक्रममा समावेश हुने कृषकको विवरण (जग्गाको क्षेत्रफल सहित) ।

६. कार्य समिति/सञ्चालक समिति को (पकेट क्षेत्रको चार किल्ला तोकी) कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि।

७.पकेट विकास कार्यक्रमको लागि संञ्चालन गरिने क्रियाकलापहरु र सोको अनुमानित लागत अनुमान विवरण

८.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

पुनश्च- थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खुमलटार, ललितपुरको वेवसाइट **www.pmamp.gov.np** बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुवल २०७७ बाट विस्तृत जानकारी लिनुहुन अनुरोध छ।

.................................

चक्र वहादुर शाही

नि. प्रमुख प्रशासकीय अधिकृत